नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
# जल तथा मौसम विज्ञान विभाग

पत्र संख्या :
च. नं. :

## प्रेस विज्ञप्ति

२०७५ चैत्र २२ शुक्रबार

मिति २०७५ साल चैत्र १७ गते आईतवार साँझ पूर्वी नेपालको बारा र पर्सामा भीषण हावाहुरी आई ठूलो धनजनको क्षति भएको सर्वविदितै छ। उक्त मौसमी प्रणाली साधारण हावाहुरी नभई Tornado भएको प्रारम्भिक अध्ययनले देखाएको छ। जल तथा मौसम विज्ञान विभाग र द स्मल अर्थ नेपाल (The Small Earth Nepal) ले संयुक्तरुपमा गरेको अध्ययनबाट उक्त तथ्य पत्ता लागेको हो।

जल तथा मौसम विज्ञान विभाग र द स्मल अर्थ नेपालका वैज्ञानिकहरुको टोलीले Sentinel भूःउपग्रहबाट प्राप्त उच्च रिजोलुसनका तस्विरहरु अध्ययन गरेको थियो। उक्त तस्विरहरुमा क्षतिले बनाएको मार्गको (trail) साथै सार्वजनिक संचार माध्ययमहरुबाट प्रेशित गरिएका तस्विरहरु तथा भिडियोहरुको अध्ययनबाट बैज्ञानिकहरु उक्त विनाशकारी आँधि Tornado नै भएको निश्कर्षमा पुगेका हुन्।

यसअघि नेपालमा Tornado को घटना घटेको जल तथा मौसम विज्ञान विभागको अभिलेख नभएको पनि विदित गराउँन चाहन्छौं । यस्ता प्रकारका अति विनाशकारी मौसमी घटनाको विस्तृत जानकारीका लागी वैज्ञानिक तथा स्थलगत अध्ययन अनुसन्धानको खाँचो रहेको छ ताकि भविष्यमा यस्ता प्रकारका घटनाको पूर्वसुचना प्रवाह गरि उपयुक्त सतर्कता अपनाउन मद्दत पुग्नेछ । सोही सिलसिलामा जल तथा मौसम विज्ञान विभागको नेतृत्वमा द स्मल अर्थ नेपाल र ICIMOD का एक टोली स्थलगत अध्ययनका लागी प्रभावित क्षेत्रमा परिचालित गरिएको छ ।

नागपोखरी, नक्साल, पो.ब.नं. ४०६, काठमाडौं, नेपाल ।
फोन नं. : ४४३६२७२, ४४२८५३२, ४४४१०९२, ४४२८२२९, ४४३३५६३
फ्याक्स नं.: ४४२९९१९, ४४२६१३६
इमेल: info@dhm.gov.np
वेबसाइट: www.dhm.gov.np, www.mfd.gov.np
www.hydrology.gov.np